# छैठौं आवधिक योजना २०३७/०३८ - २०४१/०४२ मा हुलाक

## परिच्छेद १
## पाँचौं योजनाको समीक्षा

### विकास गतिविधिहरुको स्थितिः

### २. विकास खर्चको क्षेत्रीय तथा प्रादेशिक बाँडफाँडः

संचारतर्फ दूरसंचारमा वार्षिक २९.८ प्रतिशतले र हुलाकमा वार्षिक २.४ प्रतिशतले विकास खर्चमा वृद्धि भएको छ।

### ८. यातायात तथा संचारः

पाँचौं योजना (२०३२ - ३७) को भौतिक लक्ष्य तथा प्रगति

| विषय | एकाई | न्यूनतम लक्ष्य | प्रगति | उपलब्धि (प्रतिशतमा) |
|---|---|---|---|---|
| ३. हुलाक स्थापना | संख्या | ३४८ | ३५१ | १००.९ |
| छोटी हुलाक | | ३२ | ३२ | १००.० |
| अतिरिक्त हुलाक | | ३१६ | ३१९ | १००.९ |

## परिच्छेद २
## छैठौं योजनाको उद्देश्य र आधारभूत विकास नीतिहरु

### १. व्यापक पृष्ठभुमिः

१२४ वटा मात्र हुलाक अड्डाहरु भएकोमा अब १३५८ अड्डाहरु छन्।

## परिच्छेद ३
## आर्थिक विकास दर र आर्थिक लक्ष्यहरु

### तालिका नं. ३.४

छैठौं योजना (२०३७-४२) का केही प्रमुख भौतिक लक्ष्यहरु

| विषय | एकाई | पाँचौ योजनाको अन्तिम वर्ष २०३६ र ३७ को स्थिति | छैठौं योजना (२०३७ - ४२) को लक्ष्य | छैठौं योजनाको अन्तिम वर्ष २०४१/४२ मा हुने स्थिति |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| १४ हुलाक अड्डा | संख्या | १३५८ | ४८० | १८३८ |

## परिच्छेद ४
## सरकारी क्षेत्रको विकास कार्यक्रम र वित्तीय साधनको अवस्था

तालिका नं. ४.१

**सरकारी क्षेत्रमा विकास खर्चको बाँडफाँड**

| रकम रु. करोडमा | | | | |
|---|---|---|---|---|
| विषय | पाँचौ योजना (२०३२ - ३७) प्रचलित मुल्यमा | | छैठौं योजना (२०३७ - ४२) (२०३६/३७) को स्थिर मुल्यमा | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| यतायात तथा संचार | | | | |
| अ. हुलाक | ०.८२ | ०.१ | ३ | ०.१ |

## परिच्छेद २५
## हुलाक सेवा

नेपाल अधिराज्यको विभिन्न भौगोलिक स्थितिको परिप्रेक्ष्यमा उपलब्ध संचार माध्यमहरूमध्ये हुलाक सेवाको विकास र विस्तार ज्यादै आवश्यक हुन आएको छ। आज हुलाक सेवाका माध्यमबाट पहिले जस्तै साधारण चिठ्ठीपत्रहरूको आदान-प्रदानमा मात्र सीमित नरही नेपालमा विक्रम सम्वत् १९३५ सालदेखि हुलाक सेवा उपलब्ध गरिएको थियो।

विक्रम सम्वत् १९३८ सालमा देशभर विभिन्न किसिमका हुलाकहरू गरी ४३ वटा हुलाक कार्यालयहरू रहेको थियो। योजनाबद्ध विकास प्रक्रिया शुरु हुनुअघि २०१२/१३ मा अधिराज्यभर हुलाकहरूको संख्या १२४ वटा पुगको थियो भने तेस्रो योजनाको अन्तिम वर्ष २०२६/२७ मा हुलाक स्थापना संख्यामा अझै वृद्धि गरी ७०६ वटा पुऱ्याएको थियो। चौथो योजनाको अन्तिम वर्ष २०३१/३२ मा आएर हुलाकहरूको कुल संख्या १,००७ पुगेकोमा पाँचौं योजनाका अन्तिम वर्ष २०३६/३७ मा १,३५८ वटा हुलाकहरू पुग्न गएको छ। विगत दशकको खास खास वर्षहरूमा भएको हुलाकको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २५.१

**हुलाक सेवाको स्थिति २०१२ – ३७**

| हुलाकको किसिम | २०१२/१३ | २०२६/२७ | २०३१/३२ | २०३६/३७ |
|---|---|---|---|---|
| १. गोश्वारा हुलाक | १ | १ | १ | १ |
| २. जिल्ला हुलाक | - | १४ | ७४ | ७४ |
| ३. छोटी हुलाक | - | ९० | २५४ | २८६ |

| | | | | |
|---|---|---|---|---|
| ४. अतिरिक्त हुलाक | १२३* | १५३ | ६७८ | ९९७ |
| ५. अन्य हुलाक | - | ४४८** | - | - |
| कुल | १२४ | ७०६ | १००७ | १३५८ |

**नोटः** * हुलाकको किसिम नखुलेको

* शाखा हुलाक १९८ वटा, सहकारी हुलाक २४४ वटा र अन्य २६ वटा समावेश गरिएको। यी हुलाकहरु राष्ट्रिय संचार योजना लागु भएपछि खारेज गरिएको।

हुललाकहरूको विकास क्षेत्र अनुसार दृष्टिगत गर्दा पाँचौं योजनाको अन्तिम वर्ष २०३६/३७ मा कुल हुलाक संख्या १,३५८ मध्ये पूर्वाञ्चलमा ३३१ वटा (२४.३७ प्रतिशत) मध्यमाञ्चलमा ३९९ वटा (२९.३८ प्रतिशत) रहेका छन्। चार विकास क्षेत्रमा विभिन्न हुलाकहरूको स्थिति तलको तालिकामा दिइएको छ।

**विकास क्षेत्रअनुसार हुलाक सेवाको स्थिति, २०३६/३७**

| आयोजनाको नाम | इकाई | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | सुदुर पश्चिमाञ्चल | कुल |
|---|---|---|---|---|---|---|
| १. जिल्ला हुलाक | संख्या | १६ | १९ | १६ | २४ | ७५ |
| २. छोटी हुलाक | संख्या | ७४ | ८७ | ७१ | ५४ | २८६ |
| ३. अतिरिक्त हुलाक | संख्या | २४१ | २९३ | २२३ | २४० | ९९७ |
| ४. धनादेश सेवा | संख्या | १४ | १४ | १६ | १९ | ६३ |
| ५. बचत बैङ्क सेवा | संख्या | ६ | ६ | ६ | ७ | २५ |
| ६. पोष्टबक्स | संख्या | ७४ | २१७७ | ३२ | ९० | २३७३ |

अधिराज्यमा हुलाकहरुको संख्यामा हुँदै आइरहेको वृद्धिको फलस्वरुप हुलाक र जनसंख्या बीचको अनुपातमा पनि सुधार हुँदै आइरहेको छ। प्रथम योजना शुरु हुनुअघि २०१३/१३ मा १ वटा हुलाकले सरदर ६८५४८ जनसंख्यालाई सेवा पुऱ्याएकोमा तेश्रो योजनाको अन्तिम वर्ष २०२६/२७ आएर १ हुलाकले १५६४३ जनसंख्यालाई सेवा उपलब्ध गराएको देखिन्छ। चौथो योजनाको अन्तिम वर्ष २०३१/३२ मा यसमा अझ सुधार भै १ हुलाकले सरदर १२४१७ जनसंख्यालाई सेवा पऱ्याइयो।

पाँचौं योजनाको अन्तिम वर्ष २०३६/३७ मा देशमा कुल जनसंख्या १,४२,६२,२१८ पुग्ने अनुमान भएको छ। यस अनुसार १ हुलाकको सरदर १०,५३० जनतालाई सेवा पुऱ्याउन सकेको देखिन्छ।

आ.व. २०३६/३७ मा अधिराज्यका १४ अञ्चलहरुमा विभिन्न हुलाकहरको स्थिति तलको तालिकाम प्रस्तुत गरिएको छ।

तालिका नं. २५.३

## जिल्ला अनुसार हुलाकहरुको स्थिति, २०३७

| विकास क्षेत्र | जिल्ला हलक | छोटी हुलाक | अतिरिक्त हुलाक | जम्मा हुलाक |
|---|---|---|---|---|
| १. पूर्वाञ्चल | १६ | ७४ | २४१ | ३२१ |
| क. मेची अञ्चल | ५ | २५ | ८९ | ११९ |
| १. झापा जिल्ला | १ | ९ | १८ | २८ |
| २. इलाम जिल्ला | १ | ६ | १६ | २३ |
| ३. पाँचथर जिल्ला | १ | ५ | २० | २६ |
| ४. ताप्लेजुङ्ग जिल्ला | १ | ३ | १७ | २१ |
| ५. तेह्रथुम जिल्ला | १ | २ | १८ | २१ |
| ख. कोशी अञ्चल | ५ | ३० | ७७ | ११२ |
| १. धनकुटा जिल्ला | १ | ७ | १२ | २० |
| २. संखुवासभा जिल्ला | १ | ४ | १५ | २० |
| ३. भोजपुर जिल्ला | १ | ५ | १८ | २४ |
| ४. सुनसरी जिल्ला | १ | ७ | १७ | २५ |
| ५. मोरङ्ग जिल्ला | १ | ७ | १५ | २३ |
| ग. सगरमाथा अञ्चल | ६ | १९ | ७५ | १०० |
| १. सप्तरी जिल्ला | १ | ५ | १४ | २० |
| २. उदयपुर जिल्ला | १ | ३ | ९ | १३ |
| ३. सिराहा जिल्ला | १ | ४ | १० | १५ |
| ४. खोटाङ्ग जिल्ला | १ | ३ | १९ | २३ |
| ५. ओखलढुङ्गा जिल्ला | १ | २ | १० | १३ |
| ६. सोलुखुम्बु जिल्ला | १ | २ | १० | १३ |
| २. मध्यमाञ्चल | १९ | ८७ | २९३ | ३९९ |
| क. जनकपुर अञ्चल | ६ | २८ | ९३ | १२७ |
| १. धनुषा जिल्ला | १ | ५ | १६ | २२ |
| २. महोत्तरी जिल्ला | १ | ५ | १४ | २० |
| ३. सर्लाही जिल्ला | १ | ४ | १४ | १९ |
| ४. सिन्धुली जिल्ला | १ | ६ | २१ | २८ |
| ५. रामेछाप जिल्ला | १ | ३ | १३ | १७ |
| ६. दोलखा जिल्ला | १ | ५ | १५ | २१ |
| ख. नारायणी अञ्चल | ५ | १८ | ८० | १०३ |

| | | | | |
|---|---|---|---|---|
| १. पर्सा जिल्ला | १ | ३ | ११ | १५ |
| २. बारा जिल्ला | १ | २ | १८ | २१ |
| ३. रौतहट जिल्ला | १ | २ | १८ | २१ |
| ४. मकवानपुर जिल्ला | १ | ४ | २० | २५ |
| ५. चितवन जिल्ला | १ | ७ | १७ | २५ |
| ग. बागमती अञ्चल | ८ | ४१ | १२० | १६९ |
| १. ललितपुर जिल्ला | १ | ४ | १२ | १७ |
| २. भक्तपुर जिल्ला | १ | २ | ७ | १० |
| ३. काठमाडौं जिल्ला | १ | १४ | १९ | ३४ |
| ४. रसुवा जिल्ला | १ | १ | ९ | ११ |
| ५. धादिङ्ग जिल्ला | १ | ४ | १७ | २२ |
| ६. नुवाकोट जिल्ला | १ | ४ | १६ | २१ |
| ७. काभ्रेपलाञ्चोक जिल्ला | १ | ६ | २० | २७ |
| ८. सिन्धुपाल्चको जिल्ला | १ | ६ | २० | २७ |
| ३. पश्चिमाञ्चल | १६ | ७१ | २२३ | ३१० |
| क. गण्डकी अञ्चल | ६ | २३ | ९५ | १२४ |
| १. कास्की जिल्ला | १ | २ | २२ | २५ |
| २. स्याङ्ग्जा जिल्ला | १ | ३ | २० | २४ |
| ३. तनहुँ जिल्ला | १ | ७ | १४ | २२ |
| ४. लमजुङ्ग जिल्ला | १ | ४ | १९ | २४ |
| ५. गोरखा जिल्ला | १ | ७ | १४ | २२ |
| ६. मनाङ्ग जिल्ला | १ | ० | ३ | ४ |
| ख. लुम्बिनी अञ्चल | ६ | ३४ | ७६ | ११६ |
| १. नवलपरासी जिल्ला | १ | ६ | १४ | २१ |
| २. रुपन्देही जिल्ला | १ | ४ | १३ | १८ |
| ३. पाल्पा जिल्ला | १ | ५ | १५ | २१ |
| ४. अर्घाखाँची जिल्ला | १ | ५ | १० | १६ |
| ५. कपिलवस्तु जिल्ला | १ | ४ | १० | १५ |
| ६. गुल्मी जिल्ला | १ | १० | १४ | २५ |
| ग. धौलगिरी अञ्चल | ४ | १४ | ५२ | ७० |
| १. पर्वत जिल्ला | १ | ३ | ११ | १५ |
| २. बाग्लुङ्ग जिल्ला | १ | ५ | २१ | २७ |
| ३. मुस्ताङ्ग जिल्ला | १ | २ | २१ | २७ |
| ४. म्याग्दी जिल्ला | १ | ४ | १३ | १८ |

| | | | | |
|---|---|---|---|---|
| ४. सुदुरपश्चिमाञ्चल | १५ | ३० | १४२ | १८७ |
| क. राप्ती अञ्चल | ५ | १४ | ६० | ७९ |
| १. दाङ्ग जिल्ला | १ | ७ | १४ | २२ |
| २. सल्यान जिल्ला | १ | १ | १२ | १४ |
| ३. प्यूठान जिल्ला | १ | १ | १२ | १५ |
| ४. रुकुम जिल्ला | १ | २ | १२ | १५ |
| ५. रोल्पा जिल्ला | १ | ३ | १० | १४ |
| ख. भेरी अञ्चल | ५ | ९ | ४६ | ६० |
| १. बाँके जिल्ला | १ | २ | ८ | ११ |
| २. सुर्खेत जिल्ला | १ | ३ | ९ | १३ |
| ३. जाजरकोट जिल्ला | १ | १ | १० | १२ |
| ४. दैलेख जिल्ला | १ | २ | ८ | ११ |
| ५. बर्दिया जिल्ला | १ | १ | ११ | १३ |
| ग. कर्णाली अञ्चल | ५ | ७ | ३६ | ४८ |
| १. जुम्ला जिल्ला | १ | १ | ८ | १० |
| २. हुम्ला जिल्ला | १ | १ | ५ | ७ |
| ३. डोल्पा जिल्ला | १ | १ | ५ | ७ |
| ४. मुगु जिल्ला | १ | २ | ७ | १० |
| ५. कालिकोट जिल्ला | १ | २ | ११ | १४ |
| ५. पाँचौ विकास क्षेत्र | | | | |
| घ. सेती अञ्चल | ५ | १३ | ५० | ६८ |
| १. बझाङ्ग जिल्ला | १ | ४ | ८ | १३ |
| २. बाजुरा जिल्ला | १ | १ | ४ | ६ |
| ३. डोटी जिल्ला | १ | ४ | १५ | २० |
| ४. अछाम जिल्ला | १ | १ | १० | १२ |
| ५. कैलाली जिल्ला | १ | ३ | १३ | १७ |
| ङ. महाकाली अञ्चल | ४ | ११ | ४८ | ६३ |
| १. दार्चुला जिल्ला | १ | ४ | ११ | १६ |
| २. बैतडी जिल्ला | १ | ४ | १८ | २३ |
| ३. डडेल्धुरा जिल्ला | १ | १ | १२ | १४ |
| ४. कञ्चनपुर जिल्ला | १ | २ | ७ | १० |

साथै हुलाक सेवातर्फ काजसरकारी उन्मुलन बाहेक राष्ट्रिय सञ्चार योजनामा भए अनुसारको उद्दश्य नीति तथा कार्यक्रमहरु प्रायः सबै लागु भैसकेका छन्:

## पाँचौ योजनाको प्रगति समीक्षाः

चालू पाँचौं योजनाको छोटी हुलाक ३२, अतिरिक्त हुलाक ३१६ र डाँक रेखा १५ स्थापना गर्ने लक्ष्य रहे अनुसार योजनाको अन्तिम वर्ष २०३६/३७ सम्ममा सोही अनुरुप हुलालकहरूको स्थापना भएको छ। आर्थिक सेवा उपलब्ध गर्ने उद्देश्यबाट प्रेरित भै संचालित धनादेश सेवा तथा बचत बैङ्क सेवा अन्तर्गत निर्धारण गरिएका लक्ष्यहरूमा धनादेश सेवा ४९ जिल्लामा उपलब्ध गर्ने कार्य तथा २५ जिल्लामा बचत बेङ्क सेवा पुऱ्याउने कार्य पनि पूरा गरियो। ३० हुलाक भवनहरूको निर्माण तथा ६ हुलाक भवनहरूको विस्तार गर्ने लक्ष्य रहेकोमा ११ वटा हुलाक भवनहरूको निर्माण कार्य पूरा भएको र ४ वटाको विस्तार कार्य सम्पन्न गरिएको छ। नेपाल भारत बीच धनादेश सेवा पनि संचालन गरियो। यसरी हुलाक सेवाको विकासतर्फ समावेश गरिएका अधिकांश कार्यक्रमहरूको प्रगति उत्साहवर्द्धक पाइएको छ।

हुलाक र जनसंख्याको अनुपात दर घटाउँदै लगि प्रति हुलाकले १०,००० जनसंख्यासम्मलाई सेवा उपलब्ध गराउनाको साथै प्रति हुलाकले ११२.६४ किमी भूमिमा बसोबास गरेको जनसंख्यालाई सेवा पुऱ्याउने पाँचौं योजनाको लक्ष्य रहेकोमा योजनाको अन्तिम वर्ष २०३६/३७ मा १ हुलाकले सरदर १०,५३० जनालाई र १०२.७१ किमी भूमिमा बसोबास गरेको जनसंख्यालाई सेवा पुऱ्याएको छ।

## उद्देश्यहरू

छैठौं योजनामा हुलाक विकासको मूल उद्देश्य जनतालाई छिटोछरितो ढंगले हुलाक सेवा उपलब्ध गराउनुका साथै यस सेवालाइ सकभर बढी जनतामा पुऱ्याउनु हुनेछ। हुलाकहरूलाई पत्रहरूको आदान-प्रदानमा मात्र सीमित नराखी विगत योजनाकालमा प्रारम्भ गरिएका आर्थिक सेवाहरूलाई प्रभावकारी एवं व्यापक गर्दै लगिनेछ।

## नीतिहरूः

माथि उल्लिखित उद्देश्यहरूको परिपूर्तिको लागि निम्निलिखित नीतिहरू अपनाइने छन्:

- श्री ५ को सरकार तथा जनसाधारणका निमित्त आवश्यक हुलाक व्यवस्थाको लागि हुलाक सेवालाई गुणात्मक तथा संख्यात्मक रुबपबाट वृद्धि गरी प्रत्येक पञ्चायतमा कम्तिमा १ हुलाक स्थापना गर्ने कार्य आठौं योजना अवधिमा पूरा गर्ने नीति अपनाइने छ।
- हुलाक सेवालाई आर्थिक दृष्टिकोणबाट आत्मनिर्भर बनाउने कार्य जारी नै रहनेछ।
- हुलाक सेवालाई आर्थिक दृष्टिकोणबाट आत्मनिर्भर बनाउने कार्य जारी नै रहनेछ।
- हुलाकहरू स्थापना गर्दा जनसंख्या र क्षेत्रफलको अतिरिक्त क्षेत्रीय सन्तुलनको दृष्टिकोण पनि अपनाइनेछ।

- अतिरिक्त हुलाकहरू स्थापना गर्दा बढी मात्रामा जन-सहभागिताको आधार लिइनेछ।
- सर्वेक्षणको आधारमा बढी जनतालाई सेवा पुग्ने गरी आर्थिक सेवाहरूमा विस्तार एवं वृद्धि गरिनेछ।
- हुलाक सेवालाई बढी सक्षम पार्न हुलाक प्रशिक्षण केन्द्रबाट हुलाकमा काम गर्ने कर्मचारीहरूलाई प्रशिक्षण दिने कार्य जारी राखिनेछ।
- नेपालसित आदान-प्रदान हुने हुलाक वस्तुको परिमाणको आधारमा आवश्यक ठहरिएका मुलुकहरूसित सिधा डाँक आदान-प्रदानको व्यवस्था मिलाईने नीति कायम राखिनेछ।
- छोटी हुलाक, जिल्ला हुलाक जस्ता पूर्ण सरकारी हुलाकहरूलाई आफ्नै भवनमा राख्ने सम्बन्धी कार्य जारी नै राखिनेछ।
- राष्ट्रियय सञ्चार योजनामा व्यवस्था भए अनुसार काजसरकारी व्यवस्था अझ केही जिल्लाहरूमा कायम नै रहेको हुँदा यसलाई उन्मुलन गर्नेतर्फ कदमहरू चालिनेछ।

## कार्य नीतिहरूः

हुलाक सेवाको उद्देश्यलाई प्राप्त गर्न माथि उल्लिखित नीतिहरूको अलावा निम्न कार्य नीतिहरू रहनेछन्।

- हुलाक संख्यामा वृद्धि गर्नेतर्फ सरकारी हुलाकहरू भन्दा अतिरिक्त हुलाक जस्तो अर्ध-सरकारी हुलाकहरूको स्थापनामा विशेष जोड दिइनेछ।
- हुलाक वस्तुहरूको ढुवानीमा जहाँ हवाई सेवा उपलब्ध छ सो स्थानहरूमा हवाईबाट जहाँ सडक यातायात सुविधा छ त्यहाँ मोटरबाट डाँक चलाउनुको साथै डाँक रेखाहरूलाई पनि लघुतम दुरी कायम गर्ने गरी सुधार गरिनेछ।
- केही प्रमुख नगरहरूमा व्यापारिक समुदायलाई छिटोछरितो तरीकाले हुलाक वस्तुको वितरण गर्न पोष्ट बक्सहरू वृद्धि गरिनेछ।
- शहरी क्षेत्रका जनसधारणलाई पत्र खसाल्नमा सुविधा पुऱ्याउने हेतुले पत्र मन्जुषाहरूको संख्यामा विस्तार गरिनेछ र पत्र संकलनको लागि आवश्यक परिवहनको व्यवस्था गरिनेछ।
- बढीसबढी सरकारी हुलाकहरू जस्तै छोटी हुलाक, जिल्ला हुलाकलाई आफ्नै भवनमा राख्न सरकारी स्तरबाट र जनसहभागिताको आधारमा हुलाक भवनहरूको निर्माण गरिनेछ।
- गोश्वारा हुलाक अन्तर्गत फिलाटेलिक इकाईलाई विस्तार गरी देशलाई चिन्हाउने हुलाक टिकटहरूको प्रवर्द्धन गर्न बढावा दिइनेछ।

## प्राथमिकताः

उपयुक्त उद्देश्य तथा नीतिहरूको आधारमा छैठौं योजनाकालमा सञ्चालन गरिने हुलाक आयोजनाहरूलाई निम्न किसिमको प्राथमिकता दिइने छ।

- अतिरिक्त हुलाकको विस्तार गर्ने,
- डाँक रेखा विस्तार गर्ने र डाँक परिवहनका साधन उपलब्ध गराउने,
- हुलाक भवन निर्माण र विस्तार गर्ने,
- आर्थिक सेवाहरूको विस्तार गर्ने,
- हुलाक कर्मचारीहरूलाई तालीम दिने।

### भौतिक लक्ष्यः

छैठौं योजना अवधिमा ८० वटा छोटी र ४०० वटा अतिरिक्त हुलाक गरी जम्मा ४८० वटा थप हुलाकहरू स्थापना गर्ने लक्ष्य रहेको छ। योजनाको अन्तिम वर्ष २०४१/४२ मा अधिराज्यभर हुलाकको संस्था १,८३८ वटा पुग्ने र उक्त वर्षको जनसंख्या १,६०,०९,९८१ हुने प्रक्षेपण भएबाट १ हुलाकले सरदर ८,७११ जनसंख्यालाई सेवा पुऱ्याउने लक्ष्य रहेको छ।

### कार्यक्रमः

#### १. छोटी हुलाकः

जिल्लाका विभिन्न महत्वपूर्ण स्थानहरूमा छोटी हुलाकहरूको स्थापना गर्दै जाने नीति रहेको छ। यस प्रकारका हुलाकले हुलाक वस्तुहरूको डेलीभरी एवं दर्ता गर्ने र डाँक चलाउने कामको अतिरिक्त आफ्नो नजिकका अतिक्ति हुलाकहरूलाई चाहिने हुलाक टिकट जिन्सी सामान आदिको व्यवस्था गर्नेछ। यो पूर्ण सरकारी हुलाक हो।

पाँचौ योजनाको अन्त्यसम्ममा अधिराज्यभर २६८ वटा छोटी हुलाक भएको छ। छैठौं योजना अवधिमा थप ८० वटा छोटी हुलाक स्थापना गरी २०४१/४२ सम्ममा अधिराज्यमा छोटी हुलाकको कुल संख्या ३६६ वटा पुऱ्याउने लक्ष्य रहेको छ र स्थापना गरिने थप हुलाकहरू मध्ये पूर्वाञ्चलमा १६ वटा, मध्यमाञ्चलमा १९ वटा, पश्चिमाञ्चलमा १६ वटा र सुदूर पश्चिमाञ्चलमा २४ वटा स्थापना गरिनेछ। बाँकी ५ वटा हुलाकहरू खोल्ने स्थानपछि यकीन गरिनेछ।

#### २. अतिरिक्त हुलाकः

हुलाक कार्यालयको सबैभन्दा सानो इकाईको रुपमा रहेको यो हुलाकबाट स्थानीय जनतालाई हुलाक सेवा उपलब्ध हुनेछ। यो अर्ध-सरकारी रुपमा संचालन गरिनेछ। यसमा काम गर्ने कर्मचरीहरूले पारिश्रमिकको रुपमा थोरै रकम मात्र पाउँछन् र यसमा काम गर्नेले सीमित क्षेत्र र समयमा कार्य गर्दछ।

पाँचौं योजनाको अन्त्यसम्ममा जम्मा ९९७ वटा अतिरिक्त हुलाकहरू थिए। आगामी आठौं योजनासम्ममा प्रत्येक पञ्चायतलाई १ हुलाक उपलब्ध गर्नु पर्ने आवश्कयतालाई दृष्टिगत गरी छैठौं योजनामा अतिरिक्त हुलाकहरूको संख्यामा वृद्धि गर्ने नीति रहेको छ। यस अनुसार छैठौं योजना अवधिभरमा अधिराज्यका विभिन्न स्थानमा थप ४०० वटा

अतिरिक्त हुलाकहरू स्थापना गरिनेछ। यसरी २०४१/४२ सम्ममा अतिरिक्त हुलाकको कुल संख्या १,३९७ पुऱ्याउने लक्ष्य छ। कुल लक्ष्यमध्ये ८० पूर्वाञ्चलमा, ९५ मध्यमाञ्चलमा, ८० पश्चिमाञ्चलमा र १३० सुदूर पश्चिमाञ्चलमा स्थापना गरिनेछ।

## ३. डाँक रेखा विस्तार

छिटो सञ्चार आदान-प्रदानको लागि छोटो र सोझो मार्गबाट चिठीपत्रहरूको आदान-प्रदान हुनु अति आवश्यक छ। यसको लागि अन्तर गाउँ, अन्तर जिल्ला र अन्तर अञ्चललाई छोटो एवं सोझो हुलाकी मार्गहरूद्वारा डाँक आदान-प्रदान गराई डाँक सेवामा छिटोछरितोपन ल्याइनेछ।

पाँचौ योजनाको अन्त्यसम्ममा विभिन्न योजना अवधिमा स्थापित डाँक रेखाहरूको जम्मा संख्या ६२ पुगेको छ। योजना अवधिभित्र थप ३० डाँक रेखाहरू विस्तार गर्ने लक्ष्य राखिएको छ। उक्त ३० डाँक रेखामध्ये पूर्वाञ्चल क्षेत्रमा ६ मध्यमाञ्चल ६, पश्चिमाञ्चलमा ७ र सुदूर पश्चिमाञ्चलमा ११ स्थापना गरिनेछ।

## ४. डाँक परिवहनः

डाँक ढुवानी र डेलिभरीमा शीघ्रता ल्याउन हवाईजहाज चल्ने ठाउँमा हवाईजाहाजद्वारा र मोटर चल्ने ठाँउमा मोटरबाटो डाँक ढुवानी गर्ने र साइकल चल्ने ठाउँमा हल्काराहरूलाई साइकल दिई डेलीभरी गराउने व्ययस्था छ। साथै चिठ्ठीपत्रको संकलन र डेलीभरीमा शीघ्रता ल्याउन हुलाकहरूमा साइकलको अतिरिक्त डाँक गाडी ६, स्कूटरभ्यान समेत उपलब्ध गराइनेछ। छैठौं योजनामा यस कार्यक्रम अन्तर्गत डाँक गाडी ६, स्कूटरभ्यान ११ र साइकल ५०० वटा उपलब्ध गराइने छ। साथै पहाडी भेग, तराई क्षेत्र र शहरी क्षेत्रमा आवश्यकतानुसार घोडा र मोटर साइकल डाँक निरीक्षणार्थ उपलब्ध गराइने छ।

## ५. हुलाक भवन निर्माण र विस्तारः

अधिराज्यका कुल सरकारी हुलाकहरूमध्ये पाँचौ योजनाको अन्तसम्ममा ६१ वटा हुलाकहरूको आफ्नै भवन छ। ८० प्रतिशत हुलाकहरू भाडाका घरमा बसी काम गरिरहेका छन। भाडाका घरहरू हुलाकको कामलाई सुहाउँदा नभएको हुँदा कार्य संचालनमा ज्यादै असुविधा परेको छ। यसले गर्दा हुलाकको कार्य दक्षतामा समेत असर पारेको देखिन्छ। तसर्थ हुलाकमा कार्य दक्षता बढाउन उपयुक्त वातावरणको पनि आवश्यकता पर्ने हुँदा हुलाकको कामलाई सुहाउँदा भवन निर्माण गर्ने र कार्य परिमाणको आधारमा भइरहेको हुलाक भवनहरूलाई पनि विस्तार गर्ने नीति छैठौं योजनामा पनि कायम नै रहेको छ।

छैठौं योजना अवधिमा थप ३१ वटा नयाँ हुलाक भवनहरूको निर्माण र भैरहेको १० वटा हुलाक भवनहरूको विस्तार गरिनेछन्। बढीसेबढी हुलाक भवनहरूको निर्माणको आवश्यकतालाई दृष्टिगत गरी अनुदान सहयोग प्रदान गरी जनस्तरबाट पनि यस अवधिमा ५० वटा हुलाक भवनहरू निर्माण गर्ने कार्यक्रम छ। यसरी कुल ८१ वटा हुलाक

भवनहरूको निर्माण सरकारी तथा जनसहभागिताबाट गर्ने लक्ष्य छ। यसको अतिरिक्त गएको पाँचौ योजनामा निर्माण प्रारम्भ गरी अधुरा रहेका १९ वटा भवनहरू र २ वटा भवन विस्तारसम्बन्धी निर्माण कार्य पूरा गरिने छ। यसको साथै अधिराज्यको मुख्य हुलाकको रुपमा रहेको गोश्वारा हुलाक भवनमा हाल सामना गर्नु पर्ने स्थानाभावको समस्यालाई हटाउन भवन विस्तारसम्बन्धी निर्माण कार्य पूरा गरिनेछ। नयाँ भवन निर्माणको हकमा पूर्वाञ्चलमा ७, मध्यमाञ्चलमा ३, पश्चिमाञ्चलमा ७ र सुदूर पश्चिमाञ्चलमा १४ वटा रहेको छ।

## ६. धनादेश सेवाः

हुलाकको माध्यमद्वारा सानोतिनो रकम एक जिल्लाबाट अर्को जिल्लामा पठाउन सर्वसाधारण जनतालाई सुविधा होस् भन्ने हेतुले यस सवोको संचालन पाँचौं योजनाकालदेखि प्रारम्भ गरिएको हो। यस सेवाबाट रु.१,०००/- सम्मको रकम नेपाल र भारत बीच तथा अधिराज्यको विभिन्न जिल्लाहरू बीच आदान-प्रदान हुन सक्ने व्यवस्था भैसकेको छ। पाँचौ योजनाकालमा विभिन्न ४५ वटा जिल्ला हुलाकबाट यो सेवा प्रदान भएको छ। छिमेकी मुलकु भारतसित पनि धनादेश सेवा संचालन गर्ने लक्ष्य अनुसार कार्य सम्पन्न गरिएको छ। भारतसित धनादेश सेवा संचालन भएको परिप्रेक्ष्यमा विचार गर्दा आन्तरिक धनादेश सेवालाई सकेसम्म बढी स्थानमा विस्तार गर्नु पर्ने देखिन्छ। तापनि देशको भौगोलिक स्थिति, सीमित साधन, दक्ष जनशक्तिको कमी आदी कुराहरूलाई विचार गर्दा देशको गाउँ गाउँमा यो सेवा पुऱ्याउन अझै समय लाग्नु स्वाभाविक हो। प्रारम्भिक अवस्थामा रहेको गाउँ-गाउँमा यो सेवा पुऱ्याउन अझै समय लाग्नु स्वाभाविक हो। प्रारम्भिक अवस्थामा रहेको यस सेवा हाल जिल्लाको सदरमुकाममा बढी सीमित रहेको भए तापनि अन्तत्वगत्वा यसलाई बैकिंङ्ग सुविधा प्राप्त नभएका क्षेत्रका गाउँ घरमा पुऱ्याउनु उद्देश्य रहेको छ।

छैठौं योजनामा हाल आन्तरिक धनादेश सेवा लागू भएका जिल्लाहरूको कार्य समीक्षा गरी थप १०० वटा सरकारी हुलाकहरूबाट यो सेवा प्रदान गर्ने लक्ष्य राखेको छ। यसमध्ये पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल प्रत्येकमा २१/२१ हुलाकबाट र सुदूर पश्चिमाञ्चलमा ३७ हुलाकबाट यो सेवा प्रदान हुनेछ।

## ७. हुलाक बचत बैङ्क सेवा

हुलाक बचत बैङ्क सेवा सानातिना रकम जम्मा गर्न चाहने सर्वसाधारण जनताको लागि ज्यादै उपयोगी सेवा हो। यो सेवा अन्तर्गत न्यूनतम रु. ५ बाट खाता खोल्न दिइनेछ र बढीमा रु. ३०,०००/- सम्मको रकम यसमा जम्मा गर्न सकिन्छ। यो सेवा पाँचौं योजनामा प्रारम्भ गरिएको थियो। उक्त योजना अवधिमा २५ जिल्ला हुलाकबाट यो सेवा प्रदान गर्ने लक्ष्य अनुसारकै प्रगति हासिल भएको छ। अल्प तथा निम्न आयस्तरका व्यक्तिहरूमा बचत गर्ने बानी बसाल्न यो सेवा महत्वपूर्ण रहेको हुँदा यसलाई छैठौं योजनामा

पनि विस्तार गरिने कार्यक्रम छ। तर यो सेवाको विस्तार गर्दा मिलेसम्म बैङ्क सेवा उपलब्ध नभएको ग्रामीण क्षेत्रको जनतालाई सेवा पुऱ्याउने किसिमबाट गर्नेतर्फ विशेष ध्यान दिइनेछ।

छैठौं योजनामा थप ५० हुलाकबाट यो सेवा उपलब्ध गर्ने लक्ष्य रहेको छ। यसरी यो सेवा उपलब्ध हुने जिल्लाहरूको संख्या योजनाको अन्तसम्ममा ७५ पुग्नेछ। पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलमा ११/११ वटा र सुदूर पश्चिमाञ्चलमा १७ वटा थप हुलाकहरूबाट यो सेवा पुऱ्याइने छ।

## ८. मूल्यदेय सेवा (क्यास अन डेलिभरी):

हुलाकबाट प्रदान गरिने आर्थिक सेवाहरूमध्ये मूल्यदेय सेवा पनि एक प्रमुख सेवाको रुपमा रहेको छ। तर यो सेवा हालसम्म नेपाल अधिराज्यमा हुलाकबाट प्रदान भैसकेको छैन। यो सेवा अन्तर्गत केही सीमित हदसम्म मोलपर्ने मालसामान पाउने व्यक्तिबाट मूल्य असुल गरी प्रेषकलाई पठाउने कार्य हुन्छ। हुलाकबाट पोष्ट पार्सल सेवा उपलब्ध भैरहको तथा धनादेश सेवा पनि संचालन भएको परिप्रेक्ष्यमा विचार गर्दा यो सेवाको संचालनबाट व्यापारी एवं सर्वसाधारण जनतासमेत लाभान्वित हुनेछ।

छैठौं योजना अवधिमा १४ वटा विभिन्न जिल्ला हुलाकहरूबाट यो सेवा प्रदान गर्ने लक्ष्य रहेको छ। पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल प्रत्येकमा ३/३ वटा र सुदूर पश्चिमाञ्चलमा ५ वटा यो सेवा उपलब्ध गराइने छ।

## ९. हुलाक प्रशिक्ष व्यवस्था:

हुलाक सेवा एक प्रकारले प्राविधिक किसिमको हुँदा यसमा तालीम प्राप्त कर्मचारीहरूको आवश्यकता सधैं रहन्छ। कर्मचारीहरूको कार्य क्षमता एवं दक्षता वृद्धि गर्न हुलाक प्रशिक्षण केन्द्रद्वारा छैठौं योजना अवधिमा ६०० कर्मचारीहरूलाई प्रशिक्षण दिने व्यवस्था गरिनेछ।

## १०. हुलाकहरूको सुदृढीकरण:

हुलाकहरूको कार्य क्षमता वृद्धि गर्न हुलाकमा विभिन किसिमका जिन्सी सामानहरू हुनु जरुरी छ। बस्ने ठाउँ र आवश्यक सामानहरूको अभावमा कार्य दक्षतामा वृद्धि गर्न नसकिने तथ्यलाई महसूस गरी यस योजनाकालमा हुलाक सुदृढीकरणतर्फ विशेष जोड दिइनेछ। यस कार्यक्रम अन्तर्गत खास गरेर दैनिक प्रयोगमा आउने मालसामानहरू जस्तै पत्रमन्जुषा, पोष्ट बक्स, टाँचा, वेइंग मेशीन, ढक, तराजु, सेफ, दराज, फर्निचर, क्यासबक्स, वाटरप्रूफ थैला, हायण्ड प्रेस आदि खरीद गरी हुलाक सेवालाई सुदृढीकरण गरिनेछ। योजना अवधिमा पत्रमन्जुषा १,५०० र पोष्ट बक्स २,५०० थप गरिनेछ।

## ११. केन्द्रीय टिकट भण्डार:

केन्द्रीय टिकट भण्डारले नेपाल अधिराज्यभरका हुलाकहरूलाई आवश्यक हुलाक टिकट, खाम, हवाईपत्र, हुलाक आदेशपत्र आदि सम्पूर्ति कार्य गरी आएको छ। यस टिकट

भण्डारमा हाल करीब ७/८ करोड मूल्य बराबरको टिकटहरू संचय गरिएको र प्रतिवर्ष १५/२० लाख बराबरको टिकटहरू छाप्ने कार्य पनि हुने गरेको छ। तर स्थानाभावले गर्दा यिनीहरूलाई विभिन्न ठाउँहरूमा राख्ने गरी आएको छ। यसरी जिन्सी टिकट आदी वस्तुहरू विभिन्न स्थानहरूमा सुरक्षित साथ राख्नमा बढो मुश्कील रहेको छ। तसर्थ छैठौं योजनामा केन्द्रीय टिकट भण्डारको आवश्यकता पूर्ति हुने खालको एक भवनको निर्माण गरी टिकटहरूको संचयलाई सुरक्षित गरिनेछ।

### १२. गोश्वारा हुलाक सुदृढीकरणः

अधिराज्यको मुख्य हुलाकको रुपमा रहेको गोश्वारा हुलाकको कार्यकलापमा निकै नै वृद्धि भैसकेको छ। चिठ्ठीपत्र आदिको परिमाणमा हुँदै गइरहेको वृद्धिले गर्दा गोश्वारा हुलाक भवनमा हाल उपलब्ध स्थान अपर्याप्त देखिन आएको छ। साथै, कार्यदक्षता बढाउनको लागि अन्य भौतिक सुविधाहरू जस्तै फर्निचर, सर्टिंग टेबुल आदिको व्यवस्था हुनु आवश्यक भएको छ। तसर्थ छैठौं योजना अवधिमा गोश्वारा हुलाकको सुदृढीकरणको लागि विस्तृत रुपमा अध्ययन गरी त्यसको आधारमा आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ।

## वित्तीय खर्चः

छैठौं योजनामा हुलाक सेवा विकासका लागि संचालन गर्न प्रस्तावित माथि उल्लेख भएका विभिन्न आयोजनाहरूको लागि रु. ३ करोड १० लाख छुट्याइएको छ। कुल रकम रु. ३ करोड १० लाखमध्ये हुलाक स्थापना अन्तर्गत रहेको छोटी हुलाकतर्फ रु. १९ लाख र अतिरिक्त हुलाकतर्फ रु. २५ लाख रहेको छ। त्यस्तै डाँक परिवहन साधनको लागि रु. २० लाख व्यवस्था भएको छ। हुलाक भवन निर्माण अन्तर्गत नयाँ ३१ वटा भवनको लागि रु. ९८ लाख, भैरहेको हुलाक भवनहरूको विस्तारको लागि रु. २२ लाख र अनुदानद्वारा निर्माण गरिने हुलाक भवनहरूको लागि रु. १० लाख र चालू भवनहरूको बाँकी कार्यको लागि रु. १२ लाख रहेको छ। आर्थिक सेवा अन्तर्गत समावेश गरिएका आयोजनाहरू जस्तै गोश्वारा हुलाक सुदृढीकरणलाई रु. १० लाख, हुलाक प्रशिक्षण व्यवस्थालाई रु. ५ लाख, हुलाक सुदृढीकरणलाई रु. ५६ लाख तथा केन्द्रीय टिकट भण्डारको लागि रु. १० लाख ३४ हजार छुट्याइएको छ। हुलाक सेवा अन्तर्गत विभिन्न कार्यक्रमहरूमा हुने खर्चको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २५.३

## खर्चको व्यवस्था

(रकम रु. ००० मा)

| आयोजनाको नाम | खर्च |
|---|---|
| १. हुलाक स्थापना | ४४,०० |
| २. डाँक परिवहन विकास तथा सुधार | २४,८० |
| ३. आर्थिक सेवा | १७,८६ |
| ४. हुलाक भवन निर्माण तथा विस्तार | १,४२,०० |
| ५. विविध | ७१,३४ |
| कुल जम्मा | ३,००,००० |

हुलाक सेवा विकाससम्बन्धी छैठौं योजनाको कार्यक्रम २०३७ – ४२

| आयोजनाको नाम | जिल्ला | भौतिक लक्ष्य | खर्च रकम ००० मा | कैफियत |
|---|---|---|---|---|
| हुलाक स्थापना | | | ४४,०० | |
| १. छोटी हुलाक | विभिन्न | ८० वटा स्थापना पूरा गर्ने | १९,०० | |
| २. अतिरिक्त हुलाक | विभिन्न | ४०० वटा स्थापना पूरा गर्ने | २५,०० | |
| डाँक परिवहन विकास तथा सुधार | | | २४,८० | |
| १. डाँक रेखा विस्तार | विभिन्न | ३० रेखा स्थापना पुरा गर्ने | १,८० | |
| २. डाँक परिवहन साधन | विभिन्न | डाँक ढुवानी गाडी ६ वटा डाँक स्कुटरभ्यान ११ वटा डेलिभरी साइकल ५०० वटा | २३,०० | |
| हुलाक भवन निर्माण तथा विस्तार | विभिन्न | निम्न हुलाक भवनहरु निर्माण गर्ने | १,४२,०० | |
| | | नयाँ भवन ३१ वटा | ९८,०० | |
| | | हुलाक भवन विस्तार १० वटा | २२,०० | |
| | | अनुदानका भवनहरु ५० वटा | १०,०० | |
| | | अधुरा आयोजना | १२,०० | |
| | | नयाँ भवन १९ वटा भवन विस्तार २ वटा | | |
| आर्थिक सेवा | | | १७८६ | |

| | | | | |
|---|---|---|---|---|
| १. धनादेश सेवा | विभिन्न | १०० वटा हुलाकहरुबाट धनादेश सेवा उपलब्ध गर्ने | ९,७५ | |
| २. हुलाक बचत बैंङ्क सेवा | विभिन्न | ५० वटा हुलाकहरुमा बचत बैंङ्क सेवा उपलब्ध गर्ने | ६,८५ | |
| ३. मुल्यदेय सेवा (क्यास अन डेलिभरी) | विभिन्न | १४ वटा जिल्ला हुलाकहरुबाट मुल्यदेय सेवा उपलब्ध गर्ने | १,२६ | |
| विविध | | | ७१,३४ | |
| गोश्वारा हुलाक सुदृढीकरण | काठमाडौं | सुदृढीकरण कार्य पुरा गर्ने | १०,०० | |
| हुलाक प्रशिक्षण व्यवस्था | काठमाडौं | ६०० जवानलाई हुलाक विषयमा प्रशिक्षण दिने | ५,०० | |
| हुलक सुदृढीकरण | विभिन्न | व्यापारिक केन्द्रहरुमा पोष्टबक्स २५०० र पत्रमन्जुषा १५०० थप गर्ने र अन्य सामानहरुको सम्पूर्ति गर्ने | ४६०० | |
| ४. केन्द्रीय टिकट भण्डार | काठमाडौं | केन्द्रीय टिकट भण्डार स्थापना पुरा गर्ने | १०,३४ | |
| कुल जम्मा | | | ३,००,०० | |